स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



करिश्मा श्रेष्ठ आफ्नो अभिनयले भन्दा प्रेम र ब्रेकअपका कारण 'लाइमलाइट'मा रहेकी अभिनेत्री हुन् । अभिनेता सलोन बस्नेतसँग उनको प्रेम र ब्रेकअप कुनै बेला सुपरहिट थियो । ५ वर्ष गुमनामझैं देखिएकी उनी अहिले एकाएक चर्चामा छिन् । त्यसको कारण प्रेम सम्बन्ध नभई, फिल्म हो । उनले 'मायावी'बाट पुनरागमन गरेकी छन् । एक हप्ताअघि उनले फिल्मको छायांकन भ्याइसकेकी छन् । यसलगतै उनी नयाँ आबद्ध फिल्म '११:५५'को राजधानीमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरिएको छ ।

**आजको विचार...**



सरकार...

(दुई पेजमा)

कोपिला बस्नेत

अभिनेत्री तथा पूर्वमिस नेपाल सृष्टि श्रेष्ठको फिल्म करिअर लगभग ८ वर्ष पुग्दैछ । यसबीच उनले ९ फिल्म खेलिन् जसमा दुई हिट भए । डेब्यु फिल्म 'गाजलु' र 'पोइ पर्‍यो काले'बाट उनले प्रशंसा बटुलिन् । सम्भवतः यसवर्ष सृष्टि अभिनित 'द रेड सुटकेस' पनि रिलिज हुनेछ । नेनिसमा प्रिमियर भएको यो फिल्मले अन्तर्राष्ट्रिय मिडियामा चर्चा पाइसकेको छ । यस्तोमा, आजदेखि सृष्टिको नयाँ फिल्म '११:५५'को छायांकन सुरु हुँदैछ । यो क्राइम थ्रीलर फिल्मको शीर्ष भूमिकामा सृष्टि देखिनेछिन् ।



❐ वर्ष २९ ❐ अंक १३१ ❐ २०८० मंसिर २३ गते शनिबार 9 December 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## सरकारले गर्‍यो महिला तथा बालबालिका विभाग खारेज गर्ने निर्णय

हाम्रा संवाददाता ——

**पाल्पा,** मंसिर २२/सरकारले महिला तथा बालबालिका विभाग खारेज गर्ने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद बैठकले मन्त्रिपरिषद प्रशासन समितिबाट पेश भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने र महिला तथा बालबालिका विभाग खारेज गर्ने निर्णय गरेको हो ।

सरकारले बजेट वक्तव्यको घोषणा बमोजिम विभागलाई खारेज गर्ने निर्णय लिएको जनाएको छ । यो विभागले महिला विकाससम्बन्धी सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयन गर्दै आएको छ । तर, विभागको प्रभावकारिता खासै नदेखिएपछि सरकारले यस्तो निर्णय गरेको हो । कामको दोहोरोपन हटाउन र खर्च कटौती गर्न भन्दै सरकारले अनावश्यक कार्यालय खारेजी, मर्ज, पुनर्संरचना र हस्तान्तरण गर्ने घोषणा बजेटमै गरेपछि सम्बन्धित मन्त्रालयले





| | | |
|---|---|---|
| १२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०८० मंसिर 26-29 सम्म फ्रान्समा संचालन हुने Global Consultation Meeting मा अतिरिक्त स्वास्थ्य सचिव डा. दिपेन्द्र रमण सिंहलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १३ | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गर्ने। | |
| १४ | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको राष्ट्रिय बीमा नीति, २०८० स्वीकृत गर्ने। | |
| १५ | मन्त्रिपरिषद्, प्रशासन समितिबाट पेश भएको नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्र अनंकित द्वितीय श्रेणीका फरेष्टरहरुको प्रदेशमा समायोजन गर्ने। | |
| १६ | मन्त्रिपरिषद्, विधेयक समितिबाट पेश भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनसम्बन्धी निर्देशिका, 2080 स्वीकृत गर्ने। | |
| १७ | मन्त्रिपरिषद्, प्रशासन समितिबाट पेश भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने र महिला तथा बालबालिका विभाग खारेज गर्ने। | |
| १८ | एनसेलको सेयर खरिद बिक्रीको निर्णयको सम्बन्धमा प्रचलित नेपाल कानूनको परिपालनाको विषय, राजस्वमा र नेपालमा वैदेशिक लगानीको सम्बन्धमा पर्न सक्ने असरलगायतका विषयमा अध्ययन तथा छानबिन गरी ३० दिनभित्र प्रतिवेदन पेश गर्न पूर्व महालेखापरीक्षक श्री टंकमणि शर्मा दङ्गालको संयोजकत्वमा नेपाल सरकारका सचिव श्री फणीन्द्र गौतम, सहसचिव श्री बाबुराम भण्डारी, सहसचिव श्री रितेशकुमार शाक्य र अधिवक्ता परिषद्का अध्यक्ष श्री सुजनकुमार काफ्ले सदस्य रहनेगरी समिति गठन गर्ने। | |

गृहकार्य अघि बढाएका छन् । केही कार्यालय खारेजीको प्रक्रियामा गए पनि केही विवादमा अल्झिएका छन् भने केहीको प्रक्रिया नै सुरु भएको छैन ।

आगामी वर्ष ०८०/८१ को बजेटमा सरकारले स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा अनावश्यक रहेका २० संस्था खारेजीको घोषणा गरेको थियो । त्यस्तै, उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायलाई एक-आपसमा गाभ्ने, क्षेत्राधिकारका आधारमा प्रदेश तथा स्थानीय तहबाट सञ्चालन र व्यवस्थापन गर्न उपयुक्त हुने विभिन्न पर्यटन प्रवर्द्धन विकास समितिहरू तत्तत् स्थानीय तहमा हस्तान्तरण गर्ने बजेटमा उल्लेख छ ।

यस्तै बिहीबार बसेको मन्त्रिपरिषद्ले राष्ट्रपति कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै, विश्व बैंकबाट प्राप्त हुने प्रस्तावित सय मिलियन अमेरिकी डलर (करिव १३ अर्ब नेपाली रुपैयाँ) ऋण सम्बन्धी सम्झौताको दस्तावेजलाई अन्तिम रुपम दिन विश्व बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिएको छ ।

त्यस्तै, बैंठकले जर्मनी सरकारबाट प्रस्तावित ३५ मिलियन युरो (करिब ५ अर्ब ९ करोड रुपैयाँ) अनुदान सहायता स्वीकार गर्ने र उक्त सहायता सम्झौतामा हस्ताक्षर गर्न अख्तियारी दिने, पोलिटेक्निक इन्स्टिच्युट स्थापनर नेपाली कृषकलाई मल उपलब्ध गराउनको लागि साउदी अरेबिया सरकारबाट प्राप्त हुने २ मिलियन अमेरिक डलर बराबरको अनुदान सहायता स्वीकृत गर्ने निणर्यसमेत गरेको छ । बैठकले भारत सरकारको अनुदान सहायतामा सञ्चालन हुने हाइ इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट (एचआइसीडीपी) कार्यान्वयनको लागि अनुदान सहायता स्वीकार गर्ने निर्णय पनि गरेको छ ।

त्यस्तै, कैलालीको त्रिनगर नाका र कपिलवस्तु जिल्लाको चुठौली नाकामा बिरुवा वा बिरुवाजन्य उपज निकासी वा पैठारी गर्दा जाँच र उपचाँच गर्न क्वारेन्टाइन चेकपोस्टहरु स्थापना गर्ने निर्णय समेत गरेको छ ।

### संक्षिप्त समाचार

## दुई किलो सुनसहित तीन पक्राउ



**काठमाडौं,** मंसिर २२/काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले काठमाडौंको नागढुङ्गाबाट दुई किलो सुनसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रसुवा गोसाइँकुण्ड गाउँपालिका घर भएका २६ वर्षीय विरु तामाङ, २८ वर्षीय ग्याल्सेङ तामाङ र २१ वर्षीय सुनिल भुजेल रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए ।

उनका अनुसार पिकअप स्कार्पियोको गियर बक्समा लुकाएर ल्याइएको उक्त सुन प्रहरी टोलीले नागढुङ्गाबाट बरामद गरी तीन जनालाई पक्राउ गरिएको हो । सुन रसुवा नाकाबाट भित्र्याइएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको तथा यस विषयमा थप अनुसन्धान भइरहेको प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले बताए । *-रासस*

**जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्दार/सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ ।**

| बैंकको नाम | खाता नं. (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैंक, पुतलीसडक | ११३०१००००३६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२१०४०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९०००००१ |
| एभरेष्ट बैंक लिमिटेड, नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, नक्साल | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, [illegible] | ००४०१०१०००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नबिल बैंक लिमिटेड, [illegible] | १७१००१७०५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |


नेपाल सरकार

**विज्ञापन बोर्ड**

## रामपुरमा व्यावसायिक कालिजपालन

**रामपुर (पाल्पा),** मंसिर २२/रामपुर क्षेत्रमा नयाँ व्यवसायको रुपमा कालिजपालन थालनी भएको छ । रामपरु नगरपालिका-४ स्थित बरडाँडा आरुमकोटमा व्यवस्थित तरिकाले व्यवसाय सुरु गरिएको छ । चारैतिर व्यवस्थित तारजालीले घेरेको भिरालो जमिनमा कालिजपालन थालनी भएको हो ।

व्यवसायी लोकमाया रानाले कालिजपालन हेर्न विभिन्न ठाउँबाट मानिस आउने गरेको बताए । गत जेठमा उनका छोरा मनिम रानाले सो व्यवसाय सुरु गरेकी थिइन् । "छोराको रहरले सुरु गरेको व्यवसाय अहिले मैले रेखदेख गरिरहेको छु, नयाँ व्यवसाय हुँदा धेरै रेखदेख गर्नुपर्ने रहेछ, अब बिक्री गर्न लायकको हुन थालेको छ", लोकमायाले भनिन् । उनको फार्ममा हाल एक सय ५० कालिज छन् । गत जेठमा पोखराबाट पाँच सय चल्ला ल्याएर व्यवसाय सञ्चालन गरिएको उनले बताइन् । नयाँ व्यवसाय भएकाले चल्ला हुर्काउन समस्या परेको उहाको भनाइ थियो । जंगलको बीचमा



व्यवसाय भएकाले वन बिरालो, सर्प पसेर चल्ला झम्टने, मार्ने गरेको उनले बताए । एउटा चल्ला रु चार सयमा खरिद गरेर पाल्न थालेकी हुन् । करिब चार रोपनी जग्गा भाडामा लिए आफूसँगै एक जना हेराल कामदार राखिएको लोकमायाले जानकारी दिइन् । पहिलो पटक भएकाले पाल्ने प्रविधिमा केही समस्या भए पनि अर्को पटक चल्ला राख्न धेरै ज्ञान सीप प्राप्त भएको उनको अनुभव छ । रामपुरलाई कालिजपालनमा चिनाउन, गाउँका जग्गा छाडेर सहर बजारमा जाने क्रम बढेकाले गाउँमै बसेर पनि केही गरियो भने आयआर्जन गर्न सकिने रहेछ भनेर यहाँ व्यावसायिक रुपमा कालिजपालन सुरु गरेको उनको भनाइ छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२  पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## महिनावारीमा विभेद नगर

नेपाली समाजमा महिनावारीलाई 'छुई हुनु', 'पर सर्नु', 'पाखा लाग्नु', 'पन्छिनु', 'बाहिर सर्नु भन्ने गरिन्छ । केही ठाउँहरुमा महिनावारी भएका बेला महिलाहरूलाई छाउगोठमा बस्नुपर्ने बाध्यता मात्रै छैन  विभेद समेत सहनुपरेको छ । संविधानले महिलालाई विभेदरहित बाँच्न पाउने अधिकार सुनिश्चित गरेको भएपनि अझै पनि अधिकांस महिलाहरु विभेदको सामाना गर्न बाध्य छन् । महिनावारीका कारण किशोरी/महिला माथि गरिने विभेद, लाञ्छनाहरुलाई मर्यादित बनाउने उद्देश्यले हरेक वर्ष ८ डिसेम्बरलाई अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवसको रुपमा मनाउने गरिन्छ । शुक्रबार पनि नेपालसहित विश्वभर यो दिवस मनाइएको छ, तर पनि महिलाहरुले त्यो विभेद सहनु परेको अवस्था कायमै छ । विभेदविरुद्ध कानुनी उपचार खोज्ने र महिनावारीलाई स्वाभाविक रूपमा लिने मानसिकता बनाउनेबारे कसैले पनि चासो दिएका छैन । दिवस मनाइने गरे पनि महिनावारीलाई मर्यादित बनाउने सम्बन्धी बहस भने कमै हुने गरेका छन् । यो विडम्वनाको कुरा हो । महिनावारी भएका महिलालाई अशुद्ध, फोहोर र अपवित्र मान्ने अन्धविश्वासका कारण महिलालाई विभिन्न पारिवारिक, सामाजिक, साँस्कृतिक र धार्मिक कार्यक्रमहरुमा भाग लिन बञ्चित गरिन्छ । २१ औं शताब्दीमा आएर पनि यस्तो हुनु राम्रो होइन ।

महिनावारी स्त्री शरीरको प्राकृतिक भाषा हो । तर, यसलाई अनेक भ्रान्ति र अन्धविश्वासका कथा जोडेर स्त्री शरीर र मनोविज्ञान माथि शासन गर्ने चक्रव्यूहलाई तथाकथित परम्पराको नाम दिइयो । महिलाको शरीरबाट महिनाको एक चक्रका हिसाबले प्रजननयोग्य उमेरभरि निस्कने रगत जैविक रूपमा जति स्वाभाविक छ, सांस्कृतिक रूपमा त्यति नै दु:खदायी र मर्मान्तकारी छ । महिनावारी भएका बेला छाउगोठमा बस्नुपर्ने भएकाले जीउज्यानकै असुरक्षा हुने, बलात्कृत हुने, मृत्यु हुने जस्ता भयावह घटनाका कारण यो परिवार वा समाजको मात्रै होइन, देशकै प्रतिष्ठासँग गाँसिएको प्रकरण बनेको छ । यसले स्त्री शरीर माथिको साँस्कृतिक उत्पीडन समाजको साझा चिन्ताको विषय हो भन्ने कुरालाई सबैले आत्मसात् गर्न आवश्यक छ । यसर्थ महिनावरीको अवस्थालाई स्वभाविक प्रक्रियाको रुपमा लिएर महिलाहरु सम्मानजनक रुपमा समाजमा बाच्न पाउने अधिकार सुनिश्चित गर्ने विषयमा सरकार र नेपाली समाजले सोच्न जरुरी छ ।

**Opinion @ Social Network**

कोही आफ्नो भएन भनेर किन गुनासो गर्नु,
अन्तिमसम्म त आफू पनि आफ्नो रहिन्न !
*(सुमन कामुको फेसबुक स्टाटस https://www.facebook.com/sumankamu.1253 )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकार, हामी कसरी बाँच्ने ?



**कोपिला बस्नेत**

'आफ्नो स्वास्थ्य उपचारकै लागि अब कुनै पनि नेपालीले घरखेत बेच्नुपर्ने छैन, मिर्गौला डायलासिसको सम्पूर्ण खर्च सरकारले व्यहोर्छ' भनी तत्कालीन सरकारले गरेको घोषणाले सम्पूर्ण बिरामीलाई जीवनप्रति वितृष्णा हटाइ आशाको सञ्चार गरायो । गगन थापा स्वास्थ्य मन्त्री रहेको समयमा कार्यान्वयनमा आएको यो घोषणा धेरै मिर्गौलाको डायलासिस गरिरहेकाहरूको निम्ति वरदान साबित भयो । आफ्नो रोगको उपचारकै लागि सर्वस्व सकिएर गरिबीको दुश्चक्रमा पिसिदै गरेकाहरु अब आउने जोखिममा सरकारको साथ रहनेमा ढुक्क भयौं । गणतान्त्रिक सरकारद्वारा जारी नेपालको संविधानको भाग ३ को मौलिक हक अन्तर्गतको धारा ३५ का स्वास्थ्यसम्बन्धी हकमा उल्लिखित व्यवस्थाहरूको वास्तविक कार्यान्वयनले सरकारप्रति जनताको विश्वास चुलिदै गयो । मिर्गौलाका बिरामी कसैले पनि गरिबीकै कारण डायलासिस नपाएरै मर्नुपर्ने छैन भनी सन्तुष्टिको लामो सास फेरे । अत्यन्तै महँगो शुल्क तिरेर गर्दै आएको डायलासिस सेवा नि:शुल्क भएपछि न हो पहिलो पटक राज्य आफ्नो अभिभावक हो भन्ने बिरामीले अनुभूत गरेको ।

नेपालमा विगत लामो समयदेखि विभिन्न सरकारी तथा प्राइभेट अस्पतालहरूले मिर्गौला रोगको उपचार सम्बन्धी सेवा प्रदान गरिरहेका छन् । नि:शुल्क घोषणा अघि बिरामीले बाँच्नका लागि भोग्नुपरेको आर्थिक अभाव, परिवारको उचित व्यवहारको अभाव, सामाजिक अवहेलना लगायत कारण बिरामी शारीरिक सँगसँगै मानसिक पीडाको सिकार बन्नुपर्‍यो । सो अवधिमा उपचारको खर्च धान्न नसकेर धेरै बिरामीले अप्राकृतिक मृत्युको बाटो रोज्न बाध्य भएका धेरै घटना सर्वविदितै छन् । मानिसका शरीरमा रहेका दुवै मिर्गौलाले काम गर्न छाडेपछि डाक्टरको सुझाव रहन्छ प्रत्यारोपण कि त डायलासिस गर्नु पर्दछ । सबै बिरामीको प्रत्यारोपणमा समान पहुँच हुँदैन । जसमा तिर्नुपर्ने चर्को शुल्क, अंगदाताको अभाव, पारिवारिक बेवास्ता आदि हुन् । त्यसपछि बिरामीको उपचारको अर्को विकल्प भनेकै डायलासिस रहन्छ । त्यसभित्र पनि हेमोडायलासिस र पेरिटोनियल डायलासिस (सीएपीडी) मध्ये एक गर्नुपर्ने हुन्छ, विशेषज्ञ डाक्टरको सुझाव बमोजिम । बिरामीको पाखुरामा फिस्टुला बनाएर हप्ताको दुईदेखि तीन पटकसम्म सम्बन्धित अस्पताल गएर हेमोडायलासिस गर्नुपर्दछ । पेरिटोनियल डायलासिस चाहिं बिरामीले घरमै सुरक्षित रूपले दिनको तीनदेखि चार पटकसम्म गर्नुपर्ने हुन्छ । विभिन्न कारणले हेमोडायलासिस गर्न नमिल्ने बिरामीहरूले सीएपीडी गर्नुपर्ने हुन्छ । यो लेख चाहिं सरकारले नि:शुल्क घोषणा गरे पनि विगत ६ वर्षदेखि शुल्क तिरी पेरिटोनियल डायलासिस (सीएपीडी) गरिरहेका म जस्ता बिरामीको समस्यामा केन्द्रित छ ।

सीएपीडी गरिरहेका बिरामीले डायलासिस गर्दा प्रयोग गर्ने तरल औषधिलाई सीएपीडी फ्ल्युड भनिन्छ । अत्यन्तै महङ्गो शुल्क पर्ने यो फ्ल्युड सरकारले नि:शुल्क दिने घोषणा गरेको छ । ८-८ घण्टाको फरकमा दैनिक तीन पटक गरी महिनामा ९० प्याकेट फ्युड बिरामीले प्रयोग गर्नुपर्ने हुन्छ । बिरामीको स्वास्थ्य अवस्था अनुसार कतिपय अवस्थामा दैनिक चार पटक प्रयोग गर्दा १२० प्याकेट पनि प्रयोग हुन्छ । फिलिपिन्सस्थित बाक्सटर कम्पनीले उत्पादन गरेको फ्ल्युडको नेपालको वितरक चाहिं डी के मेडिसिन्स कुलेश्वर, काठमाडौं रहेको छ । सुरुमा वितरकसँग प्रति प्याकेट रु.५०१ का दरमा किन्ने गरी सरकारसँग सम्झौता भएको थियो । यसरी प्रतिव्यक्ति मासिक रूपमा प्रयोग हुने ९० प्याकेटको रु.४५ हजार ९० सहुलियत मार्फत हामी डायलासिस गर्न थाल्यौं । यतिका रकम मासिक रूपमा सरकारबाट भुक्तान हुनु सानो कुरा थिएन हाम्रो उपचारका लागि । तर केही समयपश्चात् फिलिपिन्सबाटै फ्ल्युडको मूल्य बढेर आएको भन्दै वितरकले प्रत्येक बिरामीबाट रु.२ हजारका दरले मासिक रकम लिन थाले । सरकारले साबिक रकम रु.४५ हजार ९० का दरले प्रति बिरामी मासिक रूपमा भुक्तान गर्‍यो वितरकलाई । बढेको शुल्क बारे हामीले सरकारलाई ध्यानाकर्षण गरायौं, तर वास्ता गरिएन ।

हाम्रो लागि सरकारले यतिका भार उठाएको छ ठिकै छ यति शुल्क अहिलेलाई हामी आफैं तिर्दै गरौं भनी तिर्दै रह्यौं । लगत्तै अर्को वर्ष पुन: मूल्य बढेर आयो भन्दै वितरकले रु.५ हजारका दरले मासिक रूपमा वृद्धि शुल्क लिन सुरु गर्‍यो । यस समयमा पनि सरकारले वितरक र सरकारबीचको पुरानै सम्झौता शुल्क मात्रै भुक्तान गर्‍यो । थप शुल्क हाम्रै थाप्लोमा आइलाग्यो । यसैगरी अहिले भन्दा दुई वर्षअघि यो शुल्क रु.५ हजारबाट वृद्धि भएर रु.७ हजार ५६० पुग्यो । नियम कानुन बनाएर नै नि:शुल्क भनी घोषित डायलासिसमा बिरामीले चर्को मूल्य व्यक्तिगत रूपमा तिर्नुपरेपछि ध्यानाकर्षणका निम्ति हामी मन्त्रालय, औषधि व्यवस्था विभाग लगायत सम्बन्धित निकायमा धाइरह्यौं । तर पनि हाम्रो समस्या सरकारको अनदेखामा परिरह्यो । समस्या यतिमा मात्रै सीमित रहेन । गत कात्तिक २१ गते एक पत्र मार्फत मासिक वृद्धि शुल्क रु.७ हजार ५६० बाट रु.१५ हजार २१० पुगेको वितरकले सूचित गराए । यसपटक एकैपटक दोब्बर मूल्य वृद्धि भएपछि कात्तिक महिनासम्म रु.७ हजार ५६० तिर्दै आएका हामीहरूले मंसिरदेखि रु.१५ हजार २१० तिर्नुपर्ने भयो । क्रमैसँग बिरामी माथि पर्दै आएको भार लगायत विषयमा त्यसको केही दिनपछि बिरामी र वितरक बीच तत्कालीन समस्याबारे एक बैठक बस्यो । बैठकमा सरकारले लामो समयदेखि कुनै भुक्तान नगरेकोले मंसिरबाट फ्ल्युड वितरण नगर्ने जनायो । बिरामीको अनुरोधपश्चात् वितरकले मंसिर महिनाको लागि मात्रै भनी औषधि वितरण गर्ने त भयो तर शर्त सहित । जसअनुसार सरकारले भुक्तान गर्दै आएको रकमको आधा रकम रु.२२ हजार ५४५ र बढेको शुल्क रु.१५ हजार २१० गरी जम्मा रु.३७ हजार ७५५ हामी आफैंले तिर्नुपर्नेछ । यो पटक पनि हामीले जसोतसो तिर्यौं । यसरी सरकारले नि:शुल्क भनेको सेवामा हामीले यतिका शुल्क तिर्यौं । त्यस्तै सरकारले यसअघि ठूलो रकम भुक्तान नगरेको भन्दै आउने महिनादेखि वितरकले फ्ल्युड उपलब्ध नगराउने भनेको छ ।

यस्तोमा हामी प्रयोगकर्ताले मासिक रु.६० हजार बढी त डायलासिसमै खर्चिनुपर्ने अवस्था आउँछ । यसरी कतिन्जेल धानिनेछौं भन्ने विषय हामी सबै सीएपीडी गरिरहेका बिरामीको चिन्ताको विषय बनेको छ । साँच्चै बाँच्नु ठूलो कुरा रहेछ । हामीले बाँच्नकै लागि गर्नुपरेको संघर्षको फेहरिस्त कति दर्दनाक हुन्छ त्यो भोग्नेलाई मात्र थाहा हुन्छ । जीवनको मूल्य सबैलाई उत्तिकै हुन्छ । तर समान रोगमा राज्यको उपल्लो तहका व्यक्ति र भुइँमान्छेलाई किन भेदभाव गरिन्छ ? हो, राज्यको लागि विशेष योगदान पुर्‍याएका व्यक्तिलाई बचाउनुपर्छ तर जनता उपचार खर्च धान्न नसकी मर्दैछन्, त्यतातिर पनि त ध्यान दिनुपर्छ हैन र ? अहिले एकाधबाहेक सबैको अवस्था यतिको खर्च गरेर उपचार गराउने छैन । शरीरमा लाग्ने यस्ता खर्चालु दीर्घ रोगले जति शरीर गलाउँछ, त्योभन्दा कैयन् गुणा गलाउँछ भित्री मनलाई । कतिपय बिरामीको विपन्न भएकै कारण उपचारकै निम्ति दुई-चार पैसा माग्दै हिंड्नेसम्मको अवस्था छ । यस्तो गर्न कसको पो रहर होला र ? नेपालका सबै जिल्लाका अस्पतालमा डायलासिस सेवा उपलब्ध छैन । अकस्मात् स्वास्थ्यमा आइरहने समस्याका कारण उपचारका लागि बिरामीले अस्पताल छेउछाउ नै बस्नुपर्ने हुन्छ । यसरी मासिक कोठा भाडा, खानपिन, अन्य औषधि खर्च आदि शीर्षकमै नगन्य खर्च आवश्यक पर्छ । यति जरूरी पूरा गर्न त कति बिरामीले चन्दा, आफन्तको सहारा लिनुपर्छ भने यतिका शुल्क तिरी कसरी डायलासिस गर्ने चिन्ता बढ्दै गएको छ । अहिले पनि सरकारका मन्त्रीहरूले जनकेन्द्रित कामको बखान गर्दै 'यो गरेका छौं, त्यो गरेका छौं' भन्दै गर्दा सरकारले डायलासिस नि:शुल्क गरेको छ, जसबाट लाखौं बिरामी लाभान्वित भएका छन् भन्न छुटाउँदैनन् । सीएपीडी गरिरहेका हामी करिब ४०० को संख्यामा रहेका बिरामी चाहिं वर्षौंदेखि यतिका रकम तिर्दै गर्दा र सो रकम अहिले मासिक रूपमा रु.३७ हजार ७५० पुग्दा के यसलाई नि:शुल्क भन्न मिल्छ ? साविक शुल्क पनि सरकारले भुक्तान नगरे आगामी महिनाबाट प्रत्येक महिना रु.६० हजार बुझाउनुपर्नेछ । यसरी हामीलाई मारमा पारेर नि:शुल्कको खोक्रो नारा कहिलेसम्म घन्काउने हो सरकार ? आफैं ऐन-कानुन बनाएर कार्यान्वयन गर्नबाट सरकार पछि हट्न मिल्छ ? मन्त्रालय अनि स्वास्थ्य मन्त्री किन गैरजिम्मेवारपूर्ण व्यवहार गर्दैछन् हामीप्रति ? यस्ता प्रश्नहरू हामीमाझ टड्कारो रूपमा उठिरहेका छन् । तर उत्तर दिने निकाय चुपचाप छ ।

हामीहरू हाम्रा माग, समस्याहरू लिएर पटक-पटक माइतीघरको बाटो हुँदै मन्त्रालय धाइरहँदा माइतीघरमा आफ्नो माग सम्बोधन गर्न सरकारलाई दबाब दिने उद्देश्यले धेरै व्यक्ति तथा संस्थाहरू आन्दोलनमा थिए । आन्दोलन मार्फत धेरैका माग सम्बोधन पनि भए सरकारबाट । ठूला-ठूला झुण्डहरू समावेश सो आन्दोलनमा कतिपय अवस्थामा हताहत, धरपकड पनि भए अन्तत: चर्को दबाब पछि सरकारले धेरै मागहरू समाधानमा तत्परता देखायो । हामी अहिले पनि आफ्ना समस्या बोकेर त्यही बाटो हुँदै मन्त्रालय धाइरहेका छौं तर उपेक्षामै परिरहेका छौं । आजकल यस्तो लाग्न थालेको छ, शान्तिपूर्ण रूपले राखिने माग अनि समस्याप्रति सरकार अन्धो मात्र हैन बहिरो बन्दो रहेछ । सरकारको ध्यानाकर्षण गराउन के नेपालका सडकमा मानिसहरूले टाउको फुटाउनै पर्ने हो ? के टायर सल्काउनै पर्ने हो ? उनाय मागहरूको सम्बोधन गर्न राज्य किन आनाकानी र ढिलासुस्ती गर्दैछ ? हामी जस्ता शारीरिक तथा मानसिक रूपले कमजोर व्यक्तिको आवाज सम्बन्धित पक्षसम्म कसरी पुर्‍याउने अहिले चुनौती बनेको छ । शरीरबाट प्राण फुस्किसकेपछि मानिस एकपटक मृत घोषित हुन्छ । तर बाँचिरहँदा पाइला-पाइलामा आफू मरेको दृश्य आफैं हेरी बाँच्न बाध्य छौं हामीहरू । कुनै शारीरिक रोग परास्त गर्न आशावान् अनि प्रशन्न मन अन्य लाख औषधि भन्दा प्रभावकारी हुन्छ भनिन्छ । हामी त चौतर्फी पीडाले घेरिइरहेका छौं । यस्तोमा हामीले कसरी आरोग्यता प्राप्त गर्न सक्छौं ? हामीले आफ्नो जीवनको उज्यालो दिनानुदिन मधुरो हुँदै गर्दा अलिकति उज्यालो मागेका हौं । निभ्न लागेको दियोमा केही तेल थपिदेऊ, निभ्न नदेऊ सरकार भनेका हौं । उपचारकै निम्ति सर्वस्व सकिसकेपछि अब सकिन बाँकी त यही ज्यान न हो ! डायलासिसकै लागि यतिका शुल्क खै कसरी बुझाउने ? सरकार अब हामी कसरी पो बाँच्ने ?

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : यात्रा सफल हुनेछ । नयाँ पद र प्रतिष्ठा पाइने सम्भावना छ । | **तुला** : नयाँ कामको थालनी या योजना बन्ला । प्रतिष्ठा कमाउने बेला छ । |
| **वृष** : पारिवारिक सहयोग मिल्नेछ । शत्रु र विपक्षीहरू पराजित हुनेछन् । | **वृश्चिक** : अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। साथीभाइसँग असमझदारी बढ्ला। |
| **मिथुन** : कृषि कार्यबाट लाभ मिल्नेछ । आफन्तसँग भेट घाट पनि हुनेछ । | **धनु** : विद्या र नयाँ ज्ञान बढ्नेछ । सामाजिक कार्यमा खर्च बढ्न सक्छ । |
| **कर्कट** : समस्याहरू सिर्जना हुनसक्छन्। प्रेममा मनमुटाव पनि उत्पन्न हुनेछ । | **मकर** : व्यवसायमा लाभ मिल्नेछ । पारिवारिक सद्भाव पनि बढ्नेछ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । | **कुम्भ** : सामाजिक प्रसिद्धि प्राप्त हुनेछ । काममा सफल बनिनेछ । |
| **कन्या** : शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ। | **मीन** : यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । |

# साहित्य दर्पण

कथा — सुशान्त मोक्तान 'साकुरा'

## सुनको चेन

चिसो हिउँदोको लामो अन्तराल पश्चात फेरि स्कूलहरु आरम्भ भएको लगभग एक महीना बितिसकेको थियो । स्वच्छ नीलो गगन, मन्द वायु अनि न्यानो घामको मनमोहक वातावरणले गर्दा सारा गाँउ सहर स्फुर्ती र आनन्दित थियो । बसन्तमा फुलेको झकमक्क फुलहरुले धेरै पिरतीको सम्न्धहरु सृजना गरी रहेका थिए । मानौ, एउटा बिधवाको सिउँदोले फेरि सिन्दुर पाए जस्तो, एउटा दिशाहिन यात्रीले लक्ष भेटे जस्तो । तेरो स्कूलको फिस तिरिदिएको छु । राम्ररी पढ नी भन्दै आमा भान्सा घर तर्फ लागिन् । म त्यस समय दस कक्षामा पढ्दथेँ । वैंशको पोखरीमा चुर्लुम्म डुबेको हुनाले आमाको कुरालाई ध्यान नदिई म शगुनलाई पत्र लेख्न भित्री कोठातिर लागेँ ।



*अचानक एकदिन भावीले मेरो जिन्दगीको चित्रमा रंग फेरेर तस्बिरको आकार नै बदली दियो । म सिटिङ रूममा बसेर रूप नारायण सिंहको भ्रमर उपन्यास पढ्दै थिएँ । आमा सुस्तरी स्टिलको गिलासमा चिया बोकेर मेरो छेउमा आएर बसिन् । चिया टेबलमा ठ्याक्क राखेर मुनिलो भागबाट धागों र सियो निकाल्नमा लागिन् । मेरो ध्यान उपन्यासबाट हटेर आमाको गर्धन तर्फ गयो । मैले राम्ररी हेरेँ । आमाको गर्दनमा सधैँ झुन्डिरहने त्यों पहेंलो सुनको चेन नै थिएन ।*

उनलाई पत्र लेख्नु भनेको एउटा लेखकले जीवनको सबै भन्दा महत्वपूर्ण कथा लेखिरहेको जस्तै लाग्दथ्यो । हाम्रो सम्बन्ध कलिलो भएतापनि साँचो प्रेमको सुदृढ आधारमा निर्माण थियो । जुनकिरी र रातको कथा जस्तै त थियो हाम्रो माया । एउटा बिना अर्को अधुरो हुन्थ्यो हाम्रो सम्बन्ध । प्रकाशको प्रतिक्षामा बाँचिरहेका थिए हाम्रो सपनाहरू । न समाजको डर थियो, न जात धर्मको मतलब । भाले र पोथीको जोडी भन्दै गीज्याउने गर्थे सबै साथी भाईहरुले । उनको नयनहरु मेरो संसार थियो । उनको कोमल हृदय मेरो बास ।। मलाई शिक्षा प्रति कुनै लगाउ थिएन । पढेर ठूलो मानिस बन्ने कुनै आकांक्षा बोकेको थिइन् । म त्यस समय केवल मायाको पुजारी थिएँ । हो, माया भन्दा सुन्दर अरु केही लाग्दैन थियो । माया नै देवता । माया नै धर्म । माया नै सारा संसार । शगुन सँग 'भागी विवाह' गर्ने चाहना बाहेक अरु केही लक्ष्य थिएन । जीवनले थोपरेको जस्तै परिस्थिति अनि कठिनाईमा पनि उनी मेरो छेउमा भए पुगिहाल्छ नि भन्ने विचार आउँदथ्यो थियो ।

एक साँझ हामी क्यासलटन चिया बगानको छात्तीमा बसेर समय बिताई रहेका थियौं । मन्द बतासको शितलता महशुस गर्दै सम्झनाको काखमा बसेर सपना अनि भविष्यको कुराहरु गरिरहेका थियौ ।मैले उसको हात समाई सुमसुमाउदै आँखामा हेरेर प्रश्न गरे- शगुन, मलाई कति माया गर्छौ ? मेरो प्रश्न सुनेर उनी केही छिन उनी अवाक रहिन । अनि सुस्तरी मुस्कुराउँदै भन्न लागिन, म तिमीलाई कति माया गर्छु त्यो त म देखाउन सक्दिन तर यो संसारमा यदि मलाई दैव पनि प्रकट भएर मायाको अर्थ सोध्यो भने सधै तिम्रो नाम लिनेछु । म तिमीलाई माया भन्दा धेरै आदर गर्छु, । श्रद्धा गर्छु । माया त मानिसले पालेको कुकुरलाई पनि गर्छन् तर त्यसलाई आदर गर्छन् भन्नु मिल्दैन । खासैमा कुनै पनि सम्बन्धको आधार नै श्रद्धा हुन् । यदि सम्भन्धमा केवल माया मात्र छ भने त्यो सम्बन्ध सुगन्ध बिनाको फूल जस्तै भएर जाने छ तर यदि सम्बन्धमा आदर जिवित रहेको छ भने भविष्यमा माया पलाउने एवम् पुकारिने धेरै सम्भावना हुन्छ । उनको उत्तर सुनेर मन प्रफुलित भएर आयो । कति परिपक्क अनि बुद्धिमानी सोँच । उनको कुरा सुनेर म मुसुक्क हाँसे । अनि उसलाई आफूतिर तानेर आँगालोमा राखे । समय बितिरहेको थियो । हामी खुला आकाशमा उडिरहेको पंछी झै हर्षित अनि स्वतन्त्र थियौं । कुनै आधुनिक गीत जस्तै सबैको ओँठ तथा कानमा ठूलो स्वरमा गुन्जिरहेका थियौ । कक्षा एघारको परिक्षापछि भागेर काठमाडौं जाने योजनाको चहलपहल हाम्रो हृदयमा अविरल खोला झै बगिरहेको थियो । अचानक एकदिन भावीले मेरो जिन्दगीको चित्रमा रंग फेरेर तस्बिरको आकार नै बदली दियो । म सिटिङ रूममा बसेर रूप नारायण सिंहको भ्रमर उपन्यास पढ्दै थिएँ । आमा सुस्तरी स्टिलको गिलासमा चिया बोकेर मेरो छेउमा आएर बसिन् । चिया टेबलमा ठ्याक्क राखेर मुनिलो भागबाट धागों र सियो निकाल्नमा लागिन् । मेरो ध्यान उपन्यासबाट हटेर आमाको गर्धन तर्फ गयो । मैले राम्ररी हेरेँ । आमाको गर्दनमा सधै झुन्डिरहने त्यों पहेंलो सुनको चेन नै थिएन ।

मेरो कानमा त्यो वाक्य गुंजियो, 'तेरो फीस तिरदेको छु ।' भित्रबाट मन दु:खेर आयो । संसार भरिको बोझ आमा माथि थोपरिएको झै लाग्यो । मेरो फिस त त्यही वर्षौंदेखि जोगाएर राखेको चेन बेचर तिरिदिनु भएको रहेछ । मैले थाहा पाएँ । म आधा रातमा झसङ ब्युँझे झै भएँ । आफैप्रति घृणा र टुच्चापनको डढेलो सल्किन थाल्यो । त्यस दिन जीवनलाई पहिलो पटक ऐनामा देखेँ । म त यहाँ रूप शृंगारिने यात्रामा मनको दागलाई भुलिसके छु । जून छुने आशामा सारा जगत बिर्सी सकेछु । म कति स्वार्थी ! कति असंवेदनशिल ? मेरो शिक्षाको निम्ति आमाले यति ठूलो बलिदान र त्याग दिएर संसारभरिको सुख भुल्न तयार छिन् । अनि म यहाँ आफ्नो स्वार्थी संसारको रंगमंचमा अभिनेता बनेर गर्व साथ हिँडिरहेछु । मनमा एक प्रकारको हिन भावना संग्रहित भएर आयो । मानौ कि वर्षौंदेखि सुकिरहेको रुखले आज सूर्यको किरण देख्न पायो । पिंजराको बन्दी सुगाले खुला आकाश भेट्यो । त्यस दिन मैले आफैसँग वाचा गरेँ- जिन्दगी राजा भएर जिउँछु, कि भिखारी भएर मर्छु । तर आफ्नै भावनाको दासी बनेर भोगी भएर बाँचदिन । म पढ्ने छु । शिक्षित हुनका लागि एउटा असल मानिस बन्नका लागि मेहनत गर्ने छु । म सगुनको हाँसोमा आमाको आँसु हेर्न सक्दिन । माया गर्नु पाप होइन तर आफ्नुलाई दु:ख कष्ट पुर्याएर स्वार्थी भावनाको संसारमा रम्नुलाई माया भन्दैनन् । म चङ्गा हुँदिन । जो कसैको नियन्त्रणमा उडिरहेको हुन्छ । म त्यों बादल जस्तै हुनेछु, जो आफ्नै मर्जीको मालिक बनेर बगिरहेको हुन्छ । म आमाको पसिना र परिस्थितिले कोरिएका रेखाहरुको निम्ति जिउने छु । म पढ्ने छु, योग्य बन्नको लागि । नौकरी पाउन अथवा स्वास्नी पाल्नको निम्ति बिल्कुल होइन । मेरो आमाको त्यो चेनको मूल्य यति मात्र हुन सक्दैन । कि म इतिहास रचेर मर्छु । कि हावासँगै बिलाई जाने छु । म...... म नै भएर बाँच्नेछु ।

सगुन मेरो लागि सबै भन्दा बहुमूल्य उपहार थिई । म उसलाई अत्यन्त माया गर्दथे । तर मान्छेको स्वप्निल क्षितिज पारी पनि एउटा रेखा हुन्छ जसलाई उत्तरदायित्व भनिन्छ । जो मानिस आफ्नो आमा बुवाको त्याग, बलिदान अनि समर्पणलाई नजर अन्दाज एवम भुलेर भौतिक रमझममा मग्न रहन्छ, त्यों मानिस जीवनमा कहिले सफल हुदैनन् । मानिसले जीवन यात्रामा धेरै त्याग अनि बलिदान दिनु पर्ने हुन्छ । सोचे जस्तो जीवन कसको पो हुन्छ र ? माया हाम्रो जीवनको एउटा बहुमूल्य हिस्सा हुन सक्छ तर जिन्दगी होइन । माया गरौ तर संसार भुलेर पागल नबनौ । यस्तै कुरा मनमा खेलाउँदा खेलाउँदै मेरा आँखा अगाडि घरि सगुनको त घरि आमाको तस्बिर आइरह्यो ।

*-समकालीन साहित्य डटकम*

व्यक्तित्व — नवीन पौड्याल

## भाषा–साहित्यका एक विभूति सी.के. श्रेष्ठ

समाजमा कोही प्रतिभाशाली व्यक्ति रहेका हुन्छन् जसले आफ्नो प्रतिभालाई समाजोपयोगी बनाएका हुन्छन् । कालिम्पोङका सी. के. श्रेष्ठ यस्ता हुन् जसले आफ्नो प्रतिभाले समाजलाई अहोरात्र केही नयाँ नयाँ विचार प्रदान गरिरहेका छन् । उनी सर्जक हुन्, अभिनेता, राजनेता हुन् र हुन् जातीय चिन्तक । उनका हरेक गतिविधिमा कलात्मकता रोचकता, नयाँपन, रसिकता, ज्ञानवर्द्धता जस्ता कुरा पाइन्छन् । उनी आफ्नो वरिपरिको परिवेशलाई उज्यालो पार्दछन् । सेतो र लामै केश र दारी पालेका, रातो लबेदा लगाएका, हेर्दै कलाकार लाग्ने, उज्याला, हँसिला, रसिला व्यक्तित्व हुन् सी के श्रेष्ठ । अनुभव, ज्ञान, कलाका भण्डार, जातीय मुक्तिका उत्प्रेरक, विचारक तार्किक व्यक्तित्व हाम्रो समाजका धरोहर हुन् । पूरा नाम चन्द्रकिशोर श्रेष्ठ भए पनि पनि नेपाली समाजमा सी. के. श्रेष्ठका रूपमा प्रख्यात छन् । उनी एक नाट्य कलाकार, नाटककार, कवि, गीतकार राजनेता, राजनैतिक चिन्तक र कुशल संगठक हुन् । उनका व्यक्तित्वका अनेक पाटा छन् । मुख्य गरी नाट्यकारिता, राजनीति, पत्रकारिता र लेखकीय आदि उनको प्रतिभाका क्षेत्र हुन् । उनको जन्म २२ मई, १९४७ मा कालिम्पोङमा भएको हो । उनका बाबुआमाको नाम स्व. एस एन श्रेष्ठ र स्व. जयवन्ती रूथ प्रधान हो । यिनको कालिम्पोङको गुरुङ परिवारसित कौटुम्बिक सम्बन्ध रहिआएको छ । उनको विवाह हिरण गुरुङ श्रेष्ठसित भएको हो जो केही वर्षअघि बितिसकेकी छन् । एक छोरा र छोरीको बाबुको रूपमा श्रेष्ठ अहिले पनि कला, गीत साहित्य राजनैतिक चिन्तन आदिमा उत्तिकै सक्रिय छन् । विभिन्न क्षेत्रमा सेवा पुर्याएबापत श्रेष्ठ विभिन्न स्थानबाट सम्मानित र पुरस्कृत पनि भएका छन् । उनले शिखर पुरस्कार (नेपाली फिल्म लेखेबापत), राष्ट्रिय पुरस्कार (फिल्मको कथा लेखका निम्ति काठमाडौंबाट प्राप्त), नाट्यभूषण सम्मान (नेपाली थिएटरमार्फत भारतीय थिएटर विकासको विकासमा विशिष्ट योगदान पुर्याएबापत् उडिसाबाट प्रदान गरिएको) नेपाली भाषा सग्रामी सम्मान (सिक्किम सरकारबाट प्राप्त) आदि हुन् । उनको प्रतिभालाई कदर गर्दै पश्चिम बङ्गाल सरकारले उनलाई 'बङ्ग रत्न पुरस्कार'ले पनि सम्मानित गरेको छ ।

**१. नाट्य कलाकारका रूपमा-** उनी चलचित्र संवाद लेखक पनि हुन् । नाट्य क्षेत्रमा उनको विशिष्ट योगदान रहेको छ । उनले समाज परिवर्तनका लागि नाटकको अवधारणालाई अघि बढाउने क्रममा नाटकका विभिन्न रूप दिए, प्रयोग गरे । समयको परिवेश, रुचि, आवश्यकता अनुसार नाटक लेख्छन्, मञ्चन गर्छन् । उनले बनारसका नाट्य श्री मोतीलाल गुप्तले विकसित गरेको 'चौथो थिएटर'लाई खुल्ला मञ्चका रूपमा प्रयोग गरेका हुन् । उनी 'भद्रेको टोली' नाट्यसमूहका अगुवा हुन् । यस टोलीले 'अनि भालेमुङ्गो रुन्छ' (१९७७), 'मुगल साम्राज्यमा एकदिन' (१९७८), 'हाम्रो लभ-स्टोरी' (१९८४), 'मलाई सब थाहा छ' (१९८८), 'गुरु मङ्गल गाथा' (१९९६), 'ऐनामा हेर्दा रामसाइँली' (२००२), 'स्याल पस्ला है शहरमा' (२००२), 'गुड फ्राइडेको एक बिहान', (२००३), 'पृथ्वीदेखि परमधामसम्म' (२००३), 'अन्धाहरूको रामकहानी' (२००४), 'सलाम रेलीमाई' (२००४), 'फेरि नानेटकै कथा' (२००५), 'फक्रिन नपाएका फूलहरू' (२००५), 'तेम्रो इडियट' (२००६), 'दैलो' (२०११), 'पिताम्बर प्रभु' (२०१८) आदि लोकप्रिय र चर्चित नाटक मञ्चन गरेको थियो । 'अनि भालेमुङ्गो रुन्छ' नाटकले एघार वर्ष वर्षसम्म विभिन्न स्थानमा मञ्चन गरेको थियो । यसै गरी 'ऐनामा हेर्दा राम साइँली' नाटक पनि अत्यन्त भव्यताका साथ मञ्चन भएका थिए । यो नाटकको प्रदर्शन भारतमा विभिन्न स्थानमा लगभग पाँचसय पटक मञ्चन भएको थियो । उनका अन्य मञ्चित नाटकहरूमा 'हाम्रो लभ स्टोरी', 'मुगल साम्राज्यको एक दिन', 'दिउँसै स्याल कराउला हे शहरमा' आदि पनि हुन् । उनले नाटकलाई जातीय अस्तित्व, जातीय कमजोरीको सुधार, राष्ट्रिय सवालका कुरा, सामाजिक विकृतिमाथि ठुङ हानेर तिनको सुधार गर्नु, विद्रोह चेतना आदि जस्ता कुरा पाइन्छन् । उनका नाटकमा भारतमा गोर्खाहरूको जातीय अस्मिताका प्रश्न, गोर्खाहरूको भारतमा राजनैतिक उपेक्षा र वञ्चनाको सिकार भएको विषयमा नाटकको केन्द्रीय विषयवस्तु रहेको पाइन्छ । सी.के. श्रेष्ठका नाटकहरू जस्तै 'ऐनामा हेर्दा राम साइली, सलाम रेलिमाई' आदि नाटकहरूलाई उत्तर आधुनिक दृष्टिकोणका आधारमा पनि अध्ययन गर्न सकिन्छ । आजको युगमा उत्तर आधुनिकतावादले बहुलतावादी संस्कृतिलाई मान्यता दिन्छ । यसले कसैको संस्कृतिलाई उच्च र कसैको संस्कृतिलाई निम्न भन्ने मान्दैन । वर्तमान युगमा तर कथित उच्च संस्कृतिले निम्न संस्कृतिलाई कसरी प्रभावित बनाइरहेको छ, त्यसको झलक सिके श्रेष्ठका नाटकहरूमा देख्न सकिन्छ । भारतीय नेपालीहरूले आफूलाई सभ्य अनि सुसंस्कृत देखाउन कसरी आफ्नो निजत्व बोक्ने भाषा अनि संस्कृतिलाई हियाउनमा आनन्द मान्छन् अनि त्यसको परिणति कस्तो हुनसक्छ भन्ने कुरा आफ्ना नाटकहरूका माध्यमबाट व्यक्त गरेका छन् । उच्च संस्कृति अनि सभ्यताले अल्पसंख्यक जाति कसरी किनारीकृत बन्न पुग्छ अनि आफ्नो अधिकारबाट वञ्चित बन्दै अस्तित्व र परिचय संकटको दोसाँधमा पुग्छ भन्ने विचार उनका 'ऐनामा हेर्दा रामसाइँली' अनि 'भालेमुङ्गो रुन्छ' नाटकहरूमा देखाएका छन् । यसै पनि श्रेष्ठका नाटकहरूका शीर्षक नामकरण पनि उत्तरआधुनिक चेतनाको देखिन्छ । उनका नाटकीय शीर्षकहरूबाट प्रेक्षकहरूले आ-आफ्नै अर्थ लगाउन सक्छन् ।

**२. राजनेताका रूपमा-** सी के श्रेष्ठ एक चर्चित राजनीति कर्मी र राजनेता हुन् । यिनी राजनीतिका साथै जातीय साङ्गठिक क्षेत्रमा नेतृत्व पङ्क्तिमा रहेका हुन् । उनको जातीय उत्थान, हित र समुन्नतिका निम्ति उनको आफ्नो विचारधारा, अवधारणा र अडान रहेको छ । उनी एक प्रखर वक्ता हुन् । उनको भाषणमा वाग्वैदग्ध्य, हास्य, व्यङ्ग्य, विचारको गहिराइ, रोचकता, जोस आदि कुरा पाइनाले दर्शक श्रोतालाई मन्त्रमुग्ध पारेर राख्ने क्षमता पाइन्छ । उनको राजनैतिक जीवनका अनेक पाटा छन् । उनी गोर्खा भारती विचार मञ्चका संस्थापक, राष्ट्रिय जागरण समाजको निर्देशक हुन् भने उनको राजनैतिक दलसित परोक्ष र प्रत्यक्ष गतिविधि रहेको पाइन्छ । अखिल भारतीय नेपाली भाषा समितिका केन्द्रीय समितिका सदस्य (१९७३-१९८१), प्रान्त परिषद्का केन्द्रीय समितिका सदस्य (१९८०-१९८७, यसको प्रकाशन विभागको अभिभारासहित) भारतीय नेपाली राष्ट्रिय परिषद्का राष्ट्रिय महासचिव ( १९९०-९२) र भारतीय गोर्खा परिसैका राष्ट्रिय कार्यकारी अध्यक्ष (२००६-२००९) । उनको राजनीतिको अडानको केन्द्र जातीय उत्थान, रतमा गोर्खाहरूको परिचय संकटको निवारणका निम्ति सैर्ष, चिन्तन आदि रहेका छन् । अहिले पनि उनी आवश्यकता परेका बेला आफ्नो राजनैतिक विचार व्यक्त गर्छन् । उनका विचारमा भारतमा हाम्रो पनि समानाधिकार छ, हामीले पनि भारतमा हाम्रो आफ्नै राज्य हासिल गरेको हुनुपर्छ । हाम्रो भूभाग जबरजस्ती अङ्ग्रेजले आफ्नो देशमा गाभेको हो त स्वाधीनता भारतको हिस्सा बन्यो र हामी भारतवासी बन्यौं ।

**ग. पत्रकारका रूपमा -** सी के श्रेष्ठ एक कुशल पत्रकार हुन् । उनले 'सनचरी' समाचार दैनिकका संस्थापक प्रकाशक, 'अब संवाद' पत्रका प्रकाशक-सम्पादक, 'आधार भानेराप'को मुखपत्रको सम्पादक, 'हिमाली बेला'का सम्पादक, 'पूर्वाञ्चल भारती' (पाक्षिक पत्रिका, गौहाटी)का सम्पादक, 'माइलखुट्टी' (गौहाटीबाट निस्कने मासिक पत्रिका)का सम्पादक रही काम गरेका हुन् । उनको पत्रकारिता धेरै मात्रामा चिन्तनप्रधान, रोचक प्रस्तुति, समसामयिक विषयमा विवेचना र विश्लेषण आदि गुण पाइन्छन् । उनको सम्पादकीय लेखनमा नै पाठकका निम्ति बौद्धिक खुराक, ज्ञान र चेतनाको रस तप्किएको पाइन्छ । समाचारको शीर्षक रखाइमा नै व्यङ्ग्य विनोद पाइन्थ्यो । उनले सम्पादन गरेका पत्रिकाका विभिन्न स्तम्भमा नै जातीय उन्मुक्ति चेतना र जागरणको आह्वान र विचारोत्तेजना पाइन्छ । एकताक दार्जिलिङ-सिक्किममा अब भन्ने दैनिक र पछिबाट पाक्षिक पत्रिकाले निकै लोकप्रियता पाएको थियो । त्यसमा सी के श्रेष्ठको कुशल सम्पादन, स्पष्ट विचार र अडान, रोचक र घोचक (व्यङ्ग्य) लेखहरूले पाठकहरू आकर्षित भएका थिए । अब खोजी खोजी पढ्ने गर्थे ।

**घ. लेखकका रूपमा-** सी के श्रेष्ठ एक कुशल लेखक हुन् । साहित्यिक क्षेत्रमा उनको विशिष्ट स्थान सुरक्षित छ । उनका प्रकाशित पुस्तकहरूमा दार्जिलिङे भानुजयन्तीको नाकनिक, नारद उवाच ( व्यङ्ग्य लेखसङ्ग्रह), हाम्रो लभ स्टोरी (नाटक), दैलो (साहित्य एकादमीबाट प्रकाशित नाटक संकलन), मुझे रङ्ग दे तिरङ्गा चोला माई ( हिन्दी भाषामा, व्यङ्ग्य र विचारोत्तेक लेख सङ्ग्रह), भारतमा गोर्खाको राष्ट्रिय चिन्हारी संकट, Gorkha Quest for Indian Identit (अङ्ग्रेजीमा) बनमारा (कविता र गीतसङ्ग्रह) उनी एक कुशल र प्रख्यात गीतकार पनि हुन् । उनको लेखकीय र सिर्जनशील प्रतिभा कहिले निबन्ध, विचार, कविता आदिमा र कहिले वक्तव्यमा प्रकट भएको हुन्छ ।

**ङ. गीतकारका रूपमा-** सी.के. श्रेष्ठ एक कुशल गीतकार हुन् । दुई चार नेपाली चलचित्र र उनका नाटकहरूमा उनले रचेका मिठा मिठा गीतहरू सुन्न पाइन्छ । उनका गीतमा प्रेमका विभिन्न भाव, व्यङ्ग्य चेतना, जनचेतना, जातिप्रेम, राष्ट्रप्रेम आदि भाव पाइन्छन् । मलाई पनि चाहिन्छ चारकुने आँगन, 'पहराजस्ता बाजे बराजु सहारा खोज्ने हामी- इतिहासमा ठाउँ खोज्दाखोज्दै बित्यासमा पर्ने हामी', 'चरी बोल्यो रेलीमाई चरी बोल्यो मैना गोर्खालीलाई रेलिमाई सन्चो कहीँ छैन', 'जनम गोर्खाल्याण्ड हाम्रो करम गोर्खाल्याण्ड', 'भन्नलाई त गोर्खाको देशभरि सुवास छ तर आ-आफ्नो नाममा न वास छ न गाँस छ' आदि जस्ता गीतहरूमा जातीय प्रेम र चेतना छ, जागरण र सचेतनको आह्वान छ । चलचित्र तृष्णाका जम्मै गीतहरू उनले लेखेका हुन् । जस्तै 'यसपालिको बसन्तमा एउटा फूल फूलेछ', 'ए चरी चाँचरी', 'छल्किरहेछ छलछल' लगायत धेरै गीतहरू लोकप्रिय भएका हुन् । यसैगरी उनको रचनाको 'रिङ्गेबुङको राँगोलाई चुङ्गेबुङको चुँलेसीले ताप्क्लेजुङमा ताकेर, कालेबुङमा काटेर' भन्ने लोकगीत पनि निकै लोकप्रिय भएको पाइन्छ । उनका केही गीतहरू स्थानीय गायकहरूले गाएका छन् ।

**च. नेपाली भाषासङ्ग्रामीका रूपमा-** सी.के. श्रेष्ठ नेपाली भाषा मान्यता आन्दोलनका एक अग्रिम पङ्क्तिका नेतृत्वमा रही काम गरेका थिए । उनी पनि नेपाली भाषा समितिका सक्रिय सदस्य रही कोलकत्ता र दिल्ली गएर भाषा मान्यताको मागलाई अघि बढाएका थिए । सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारी नेतृत्वमा गठित भारतीय नेपाली राष्ट्रिय परिषद्का महासचिवका रूपमा रही भाषाको अन्तिम चरणमा अझ तीव्र रूपमा सक्रिय भई आन्दोलनको नेतृत्व गरेका थिए । १९९१ मा गान्तोकमा भानेरापले आयोजना गरेको राष्ट्रिय अधिवेशनमा उनको मुख्य भूमिकामध्येको रहेको थियो ।

*-साहित्यपोष्ट डटकम*

# भारतले रोक्यो प्याज निर्यात



**पाल्पा,** मंसिर २२/नेपालमा भारतबाट प्याज नआउने भएको छ । भारत सरकारले प्याजको निर्यातमा पुन: प्रतिबन्ध लगाएसँगै नेपालमा प्याज नआउने भएको हो ।

तीन महिनाअघि डिसेम्बर अन्तिमसम्मका लागि प्याजमा ४० प्रतिशत निर्यात कर लगाएको भारतले अहिले निर्यातमा पूर्ण रोक लगाएको छ । भारतको वाणिज्य एवं उद्योग मन्त्रालय अन्तर्गतको विदेश व्यापार महानिर्देशनलायले सन् २०२४ को मार्च ३१ सम्मका लागि प्याजको निर्यातमा रोक लगाएको हो । अन्य मुलुकका सरकारको आग्रहबमोजिम सरकारले अनुमति दिएमा भने प्याज निर्यात हुन सक्ने पनि महानिर्देशनलायको सूचनामा उल्लेख छ । पछिल्लो समय नेपाली बजारमा समेत प्याजको हाहाकार छ । आलु र प्याजको भ्याट विवादले होलसेल व्यवसायीले आयात र बिक्री बन्द गर्दा सर्वसाधारण उपभोक्ता मारमा परेका छन् । सरकारले बजेटमार्फत आयातित प्याज र आलुमा मात्रै भ्याट लगाउने भने पनि कार्यान्वयनका क्रममा स्वदेशी उत्पादनमा समेत भ्याट लगाएपछि कालीमाटी फलफूल तथा तरकारी बजारका व्यवसायीले हडताल गरेका हुन् । नेपालमा प्याज खासै उत्पादन हुँदैन । खपत हुने परिमाणमध्ये झन्डै ९८ प्रतिशत भारतका नासिक, इन्दौंर, कानपुर, चण्डीगढ, लखनउ, गौरखपुर र सिमलालगायत स्थानबाट प्याज आयात हुन्छ । तराईदेखि मध्य पहाडसम्म खेती गर्न अनुकूल प्याजको परनिर्भरता निकै हदसम्म घटाउन स्वदेशमै उत्पादन गर्न नसकिने होइन । तर, उत्पादन र उत्पादकत्व दुवै न्यून भएपछि आयातमा भर पर्नुपरेको हो । व्यावसायिक प्याज खेतीबाट नाफा नदेखेर किसानहरु आकर्षित नहुँदा प्याज आयात गर्नुपर्छ ।

# भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइँदै




**पाल्पा,** मंसिर २२/आज भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि विविध कार्यक्रम गरि मनाइदै छ । संयुक्त राष्ट्रसंघले सन् २००३ मा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेपछि विश्वभर डिसेम्बर ९ तारिखलाई भ्रष्टाचार विरुद्धको दिवस मनाउन थालिएको हो ।

नेपालले सन् २०११ मा महासन्धीलाई अनुमोदन गरेको हो । संयुक्त राष्ट्रसंघको महासभाले आजकै दिनलाई भ्रष्टाचार विरुद्धको दिवसका रुपमा मान्यता दिएको थियो । दिवसका अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भ्रष्टाचार विरुद्ध क्रियाशिल संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल लगायत सरोकारवाला निकायले आज विभिन्न कार्यक्रमको आयोजना गर्न लागेको जनाइएको छ । अन्तर्राष्ट्रिय संघसंस्थाले गरेको अध्ययनले पछिल्लो समय विकासोन्मुख मुलुकमा भ्रष्टाचार बढ्दै गएको देखाएको छ । नेपालमा पनि भ्रष्टाचार निवारणका लागि संवैधानिक निकायका रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएपनि भ्रष्टाचार नियन्त्रणमा अपेक्षा अनुरुप प्रगति हुन सकेको छैन । भ्रष्टाचार एक वा एक भन्दा बढी व्यक्ति वा संस्थाका गतिविधिसँग जोडिएको विषय भएकाले यसलाई तोड्न प्रभावकारी रुपमा जनचेतना बढाउनुपर्नेमा नेपालका सम्बन्धित निकायहरुले जोड दिइएका छन् । उनीहरुले भ्रष्टाचार विरुद्ध सबै एक जुट भए भ्रष्टाचारको सञ्जाल जरैदेखि उखेल्न सक्ने भन्दै भ्रष्टाचार रोक्ने अभियानमा सहयोग गर्न सबैसँग अपिल समेत गरेका छन् । भ्रष्टाचार विरुद्ध लड्न संवैधानिक र कानुनको सर्वोच्चता अङ्गीकार गरिएको छ । सरकारले भ्रष्टाचार हुन नदिन प्रतिबद्ध रहेको र अनियमितता तथा भ्रष्टाचारमा संलग्नप्रति कडाई गर्ने बताउदै आएपछि भ्रष्टाचारका ठूला-ठूला घटना सार्वजनिक भइरहेका छन् ।

# रामपुरमा व्यावसायिक...

...करिब रु ३० लाखको लागतको लगानीमा व्यवसाय सञ्चालन गरिएको छ । अहिले यस क्षेत्रमा कालिजको मूल्य भाले रु तीन हजार, पोथी रु दुई हजार पाँच सयमा बिक्री हुने गरेको छ । कालिजपालनमा तौरतरिका मिलेको खण्डमा प्रशस्त कमाइ गर्न सकिन्छ । कालिज विशेषत छदेखि आठ महिनामा बिक्रीका लागि योग्य हुन्छ । कलिलो तथा नरम घाँस घरमै खस्रो बनाएर पिसेको गहुँ, मकैको दाना कालिजको आहार हो ।

कालिजको मासुको माग पछिल्लो समय अत्यधिक मात्रामा बढ्दो छ । कालिजपालन व्यवसायमा पछिल्लो समय युवाको आकर्षण बढिरहेको देखिन्छ । अहिले बजारमा कालिजको माग बढ्दो छ । बजार मूल्य राम्रो हुन थालेपछि यसको व्यावसायिक पालनमा आकर्षण बढ्न थालेका हुन् । -रासस

खेलकुद समाचार

# कोपा अमेरिकाको ड्र सार्वजनिक




**काठमाडौं,** मंसिर २२/अर्को वर्ष आयोजना हुने कोपा अमेरिका २०२४ को ड्र सार्वजनिक भएको छ । दक्षिण अमेरिकी महादेशको प्रतियोगिता भएपनि उत्तर तथा मध्य अमेरिकी राष्ट्रहरु समेत सहभागी हुने यस प्रतियोगिता अमेरिकामा आयोजना हुन लागेको हो ।

प्रतियोगितामा दक्षिण अमेरिकाबाट १० र उत्तर र तथा मध्य अमेरिकी क्षेत्रबाट ६ गरी कूल १६ टोलीले सहभागिता जनाउनेछन् । उत्तर अमेरिकाबाट कोनकाकाफ नेसन्स लिग २०२३-२५ को शीर्ष चारमा रहेका आयोजक अमेरिकासहित मेक्सिको, जमैका र पानामा सिधै छनोट भएका हुन् भने बाँकी दुई टिमको टुङ्गो प्लेअफबाट लाग्नेछ ।

शुक्रबार बिहान सार्वजनिक ड्र अनुसार साविक विजेता तथा विश्व विजेता अर्जेन्टिना समूह 'ए' मा छ । यस समूहमा पेरु र चिली पनि छन् । कोनकाकाफ क्षेत्रको एक टिम यो समूहमा पर्नेछन् ।

यस्तै समूह 'बी' मा मेक्सिको, इक्वेडर, भेनेजुएला र जमैका छन् । समूह 'सी' मा आयोजक अमेरिका सहित उरुग्वे, पानामा र बोलिभिया छन् । समूह 'डी' मा ब्राजिल, कोलम्बिया, पाराग्वे छन् । यस समूहमा पनि कोनकाकाफ क्षेत्रको एक टिम हुनेछ । २०२४ जुन २० देखि जुलाई १४ सम्म हुने कोपा अमेरिका अमेरिकाका विभिन्न १४ शहरमा सञ्चालन हुनेछ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

कर्पोरेट/अर्थ समाचार

# नेपाल राष्ट्र बैंकले गऱ्यो पहिलो त्रैमासिक समीक्षा सार्वजनिक




**पाल्पा,** मंसिर २२/नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ । केन्द्रीय बैंकको सञ्चालक समितिको शुक्रबारको बैठकले उक्त नीतिको समीक्षा पारित गरेपछि सार्वजनिक गरिएको हो ।

उक्त समीक्षामा विद्यमान मुद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षहरुको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गरी बैंक दरलाई सात दशमलव पाँच प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ । यस्तै, नीतिगत दरलाई छ दशमलव पाँच प्रतिशतबाट घटाई पाँच दशमलव पाँच प्रतिशत र निक्षेप संकलन बोलकबोल दरलाई चार दशमलव पाँच प्रतिशतबाट घटाई तीन प्रतिशत कायम गरिएको छ । यसैगरी अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात सम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ ।

बैंक तथा वित्तीय संस्थाले निष्काशन गरेको डिबेन्चरलाई २०८० पुससम्मका लागि स्रोतकारुपमा समेत शतप्रतिशत गणना गर्न पाउने व्यवस्था रहेकोमा सो पश्चात् उक्त डिबेन्चरको ५० प्रतिशत रकम २०८१ असारसम्मका लागि स्रोतका रुपमा गणना गर्न पाउने व्यवस्था मिलाउने व्यवस्था गरिएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई